# पाठ ६ विवाह / पारपाचुके

## १ विवाह

जापानिज नागरिकले विदेशी नागरिक सँग अथवा एक विदेशी नागरिकले अर्को विदेशी नागरिक सँग विवाह गर्दा उनिहरुले आ -आफ्नो देशको राष्ट्रिय कानूनको पालना गर्नुपर्छ । जापानिज विवाह शैलीमा जापानिज नागरिकले विदेशी नागरिक सँग विवाह गरेपची दुबैले आ -आफ्नो देश मा विवाह दर्ता गर्नु आवश्यक छ ।

【विवाह को को मापदन्ड 】
- कानुनी रूपमा विवाह गर्न सक्ने उमेर पुरुष तथा महिला दुवैको लागि १८ वर्ष पूरा भएको हुनु पर्छ।
- बहुविवाह गर्न पाइने छैन ।
- विवाह गर्ने दुई जना एक निश्चित नाता सम्बन्धमा नपरेको हुनुपर्छ।

### (१) जापानिज नागरिकको विदेशी नागरिकसँग विवाह

यदी जापानिज नागरिकको विदेशी नागरिकसँग विवाह गर्छ भने जापानको कानुनको पालना गर्नुपर्छ र निजको मूल राष्ट्रियता दर्ता गरिएको सिटी हल अथवा शहर/ गाँउको कार्यालयमा कागजातहरु पेश गरी विवाह दर्ता गर्नुपर्छ ।

【पेश गर्नुपर्ने कागजातहरु 】
- १८ वर्ष वा सोभन्दा माथिका दुईजना साक्षीहरूले दस्तखत गरेको हुनु पर्छ, जो विदेशी हुन् भने त्यो व्यक्ति आफ्नो देशको कानुन अनुसार वयस्क भएको हुनु पर्छ।
- प्रतिवेदन पेस गर्ने व्यक्तिको परिचय प्रमाणपत्र (ड्राइभिंग लाइसेन्स, पासपोर्ट आदि)
- यदी राष्ट्रियता , नाम , जन्मदर्ता अथवा लिङ मध्य कुनै एक माथिको प्रमाण पत्रबाट

※प्रमाणित गर्न नसकिएमा तल दिईएका कागजात पनि सँगै बुझाउनु पर्छ ।
- विदेशी पार्टनरको राष्ट्रियताको प्रमाण पत्र जापानिज अनुवाद सहित पेश गर्नु पर्ने छ ।
- जन्म दर्ताको प्रमाण पत्र जापानिज अनुवाद सहित पेश गर्नु पर्ने छ ।

※जापानी अनुवादको अन्तमा अनुवादकको ठेगाना र दस्तखत चाहिन्छ।

माथि उल्लिखित विवाह गर्न कानुनी रूपमा योग्य रहेको प्रमाणपत्रको रूपमा मानिने कागजातहरू निजको जापानस्थित राजदूतावासद्वारा जारी गरिन्छन् र त्यसले निज नागरिक त्यस देशको कानुनमा तोकिने विवाहको लागि आवश्यकता पूरा गरेको कुरा प्रमाणित गर्छ। जापानी नागरिकसँग विवाह गर्ने विदेशी नागरिकले निजको राजदूतावासमा माग गरिने कागजातहरू पेस गरी विवाह गर्न कानुनी रूपमा योग्य रहेको प्रमाणपत्रको रूपमा मानिने कागजात राजदूतावासबाट पहिल्यै प्राप्त गरिराख्नुहोला।
देशअनुसार जारी गरिने प्रमाणपत्रको नाम र त्यसमा उल्लिखित विवरण फरक हुने भएकोले विस्तृत जानकारीको लागि जापानस्थित राजदूतावास अथवा स्थानीय नगरपालिका/गाउँपालिका कार्यालयमा सम्पर्क गरी सोधपुछ गर्नुहोला।

विवाह दर्ताको निवेदन स्विकारिएपछि आवश्यक कागजातहरू लिएर जापानस्थित राजदूतावास अथवा वाणिज्य दूतावासलाई विवाहको रिपोर्ट दिनुपर्नेछ। विस्तृत जानकारीको लागि जापानस्थित राजदूतावास आदिमा सम्पर्क गरी सोधपुछ गर्नुहोला।
वैध बसाइँ योग्यता भएका विदेशी पति/पत्नीले विवाहपछि जापानी नागरिकको पति/पत्नी आदिमा बसाइँ योग्यता परिवर्तन गर्न आवेदन दिन सक्नुहुनेछ।

### (२) एक विदेशी नागरिकको आर्को विदेशी नागरिकसँग विवाह

एक विदेशी नागरिकको आर्को विदेशी नागरिकसँग विवाह जापानी सन्स्कार अनुरुप विवाह गर्दा नगरका गाविस कार्यालय निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ ।

【पेश गर्नुपर्ने कागजातहरु 】

- छोडपत्र (१८ वर्ष वा सोभन्दा माथिका दुईजना साक्षीहरूले दस्तखत गरेको हुनु पर्छ, जो विदेशी हुन् भने त्यो व्यक्ति आफ्नो देशको कानुन अनुसार वयस्क भएको हुनु पर्छ।)
- दुवैको विवाह गर्न कानुनी रूपमा योग्य भएको प्रमाणपत्र र सो को जापानइज अनुवाद ।
- दुवैको नागरिकताको प्रमाणपत्र जापानिज अनुवाद सहित पेश गर्नु पर्ने छ ।

※जापानी अनुवादको अन्तमा अनुवादकको ठेगाना र दस्तखत चाहिन्छ।

विवाह दर्ताको निवेदन स्विकारिएपछि आवश्यक कागजातहरू लिएर आ-आफ्नो जापानस्थित राजदूतावास अथवा वाणिज्य दूतावासलाई विवाहको रिपोर्ट दिनुपर्नेछ। विस्तृत जानकारीको लागि जापानस्थित राजदूतावास आदिमा सम्पर्क गरी सोधपुछ गर्नुहोला।

६

## २ सम्बन्ध बिच्छेद

### (१) विदेशि नागरिकको जापानीसंग सम्बन्ध बिच्छेद भएमा

जापनिज र बिदेशी दुबै जना जापानमा बसोबास गरिरहेको खण्डमा जापानी क़ानून अनुसार सम्बन्ध बिच्छेद गर्नु पर्नेछ ।

#### (१) सहमतिमा सम्बन्ध बिच्छेद

दुवै जनाको सहमतिमा  सम्बन्ध बिच्छेद गर्न चाहेमा बसोबासको वा दर्ता गरिएको नगरपालिकामा निम्नलिखित कागजात पेश गर्नुपर्नेछ ।

【पेश गर्नुपर्ने कागजातहर】

- छोडपत्र (१८ वर्ष वा सोभन्दा माथिका दुईजना साक्षीहरूले दस्तखत गरेको हुनु पर्छ, जो विदेशी हुन् भने त्यो व्यक्ति आफ्नो देशको कानुन अनुसार वयस्क भएको हुनु पर्छ।)
- जापानी पर्टनरको वसोवासको प्रमाणपत्र
- प्रतिवेदन पेस गर्ने व्यक्तिको परिचय प्रमाणपत्र (ड्राइभिंग लाइसेन्स, पासपोर्ट आदि)

#### (२) मध्यस्तद्वारा सम्बन्ध बिच्छेद

यदी पति-पत्नीमा सम्बन्ध बिच्छेद कारण अथवा शर्त सम्भन्धी झगडा भई शाहअंअती हुन नसकेमा, पारिवारिक अदालतमा मध्यस्तद्वारा सम्बन्ध बिच्छेद को लागि आवेदन दिन सक्नेछन । मध्यस्तकर्ताहरुले बच्चाको रेख देख , बच्चा हुर्काउने खर्च , सम्पत्ती बाँडफाँड , बच्चासङको भेटघाट , बारेमा सल्लाह र मध्यस्तता गर्ने छन ।

तलाक मध्यस्थता पूरा भएको खण्डमा त्यही दिनदेखि १० दिनभित्र तलाक मध्यस्थता विवरणको प्रतिलिपिसँग तलाक पत्र पेस गर्नु पर्दछ।

#### (३) पेशी वा अदालती निर्णयद्वारा सम्बन्ध बिच्छेद

तलाक मध्यस्थता असफल भएको खण्डमा पारिवारिक अदालतले आफ्नो अधिकारद्वारा सम्बन्ध बिच्छेद जारी गर्न सक्छ। (न्यायाधीश तलाक) साथै मुद्दा हालेर सम्बन्ध बिच्छेद पूरा गर्न पनि सकिन्छ। (फैसला तलाक)

न्यायाधीश/फैसला तलाक भएको खण्डमा बहस विवरणको प्रतिलिपि र निर्णय प्रमाणपत्र वा फैसला विवरणको प्रतिलिपि र निर्णय प्रमाणपत्र संलग्न गरी फैसला सुनाइएको दिनदेखि १० दिनभित्र तलाक पत्र पेस गर्नु पर्छ।

मुद्दाको अन्तरालमा सम्झौता सफल भएर प्रतिवादीले वादीको दाबी स्वीकार्ने स्वीकृत तलाक हुने खण्डमा प्रत्येक विवरणको प्रतिलिपि टाँसेर निर्णय गरिएको दिनदेखि १० दिनभित्र तलाक पत्र पेस गर्नु पर्छ।

### (२) विदेशी नागरिकको विदेशी नागरिकसँग सम्बन्ध बिच्छेद:

यदी दुवै जान एउटै देशको नागरिक हो र त्यो देशमा सहमतिले पार्पाचुके गर्न पाउने कानुनी प्रावधान छ भने सहमतिको सम्बन्ध बिच्छेद निजको देशको  कानुन अनुरुप जापानमै गर्न सकिन्छ । यदी दुवै जान फरक फरक मुलुकका नागरिक हुन र दुवै जापान मा बस्छन अथवा जापान सँग महत्वपूर्ण कनेक्सन छ भने पनि जापानी कानुन अनुसार सहमतिले सम्बन्ध बिच्छेद गर्न सकिनेछ  । तथापी धैरै मुलुकहरुमा  सहमतिको  सम्बन्ध बिच्छेद कानुनी रूपमा मान्यताप्राप्त छैन , त्यसैले जापानमा गरिएको सम्बन्ध बिच्छेद निजको मुलुकमा मान्यता हुन्छ कि हुन्न निस्चित गर्नुहोला ।

यी  कामहरु गर्नको लागि दुवै जानाले नागरिकअताको प्रमाणपत्र , जापानको कार्यालयद्वरा प्राप्त विवाहको  प्रमाणपत्र र आफ्नो मुल मुलुकमा सहमतिले सम्बन्ध बिच्छेद गर्न सकिन्छ भन्ने प्रमाण पेश गर्नुपर्ने हुनसक्छ

बिस्तरित जानकारीको लागि राजादुतावास वा नगरपालिकामा सम्पर्क गर्नुहोला।

### (३) अस्विकृतिको प्रस्ताव:

आफ्नो पति वा पत्नीले आफूलाई थाहै नदिई तलाक पत्र पेस गरेर एकतर्फी सम्बन्ध बिच्छेद पूरा गर्न नपाओस् भनेर नगरपालिकालाई अस्वीकृतिको लागि अनुरोध गर्न सकिन्छ। यसको लागि दुई पक्षी मध्ये एकजना जापानी नागरिक हुनु पर्दछ। यो निवेदन दिन कुनै म्याद छैन। तर निवेदन पेस गरेको व्यक्तिले नै निवेदन फिर्ता पत्र दिएमा अस्वीकृतिको म्याद स्वतः सिद्धिनेछ।
यो निवेदन दिन निवेदकको दस्तखत (निवेदक जापानी नागरिक हुन् भने), परिचय प्रमाणपत्र (ड्राइभिंग लाइसेन्स, पासपोर्ट आदि) आवश्यक पर्दछ। साथसाथै, निवेदक आफै काउन्टरमा आएर आवश्यक कदम चाल्नु पर्छ।

### (४) सम्बन्ध बिच्छेद पछी भिषा को अवस्था

जापानी जीवनसाथीसँग सम्बन्ध बिच्छेद गरेको विदेशी नागरिकले सम्बन्ध बिच्छेद गरेको दिन देखि १४ दिन भित्र नजिकै अध्यागमन कार्यालयलाई रिपोर्ट गर्नु पर्छ। "जापानी व्यक्तिको जीवनसाथी आदि" भन्ने निवास योग्यता हासिल गरेपछि साँच्चै विवाह गरेर ३ वर्ष वा सोभन्दा बढी समय बितेको छ भने "स्थायी निवास" मा निवास योग्यता परिवर्तन गर्ने अनुमति पाउने सम्भावना छ।
साथै विवाह पछि बच्चा पाएको अनि त्यो बच्चाको अभिभारा पाएको वा त्यो बच्चाको पालनपोषण गरेको विदेशी आमा वा बुबालाई "स्थायी निवास" मा निवास योग्यता परिवर्तन गर्ने अनुमति दिइने सम्भावना छ। विस्तृत जानकारीको लागि अध्यागमन कार्यालयलाई सोधपुछ गर्नुहोस्। निवास योग्यता परिवर्तन निवेदन दिन चाहिने कागजातको बारेमा अघिल्लो भागमा उल्लेखित छ।

सन् २००९ मा संशोधन गरी सन् २०१२ देखि कार्यान्वयन गरिएको अध्यागमन ऐन (अध्यागमन नियन्त्रण तथा शरणार्थी प्रमाणीकरण ऐन)मा उक्त बसोबास अवधिमा निवास योग्यता खारेज गर्ने अधिकार जापान अध्यागमन सेवा एजेन्सीलाई प्रदान गरिएको छ। मतलब, जापानी नागरिकको जीवनसाथी जस्तै स्थायी निवासीको जीवनसाथी आदि निवास योग्यता हासिल गरेर जापानमा बसोबास गरेको विदेशीले जीवनसाथीको रूपमा गर्नुपर्ने क्रियाकलापहरू लगातार ६ महिना वा सोभन्दा लामो समय नगरी बसोबास गरेको खण्डमा जायज कारण भएको अवस्था बाहेक अध्यागमन सेवा एजेन्सीद्वारा निवास योग्यता खारेज गरिन सक्छ भनेर लेखिएको छ। जायज करणको रूपमा मान्यता दिइने एउटा उदाहरण चाहिँ जापानी नागरिक भएको बच्चाको अभिभारा पाउनको लागि सम्बन्ध विच्छेद मुद्दामा दुवै जनालाई मध्यस्थताद्वारा छिनोफानो गरिरहेको अवस्था हो।